# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन,
३ नं. प्रदेश, नेपाल

## BHARATPUR METROPOLITAN CITY
**Office of Municipal Executive**
Bharatpur, Chitwan
3 No. Province, Nepal

च नं-४८१८

मितिः २०७६/१/१२

विषयः आवश्यक कार्यार्थ पठाइएको ।

श्री वडा कार्यालय (सबै)
भरतपुर महानगरपालिका,
चितवन ।

यस महानगरपालिकाको नगर कार्यपालिकाको २७औं बैठकबाट पारित तपसिल बमोजिमका निर्णयहरु आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ । साथै अन्य निर्णयहरु महानगरको वेवसाइट मार्फत उपलब्ध गराइने व्यहोरा समेत अनुरोध छ ।

तपसिलः

निर्णय नं. १

१.१ नगर कार्यपालिकाबाट यस पूर्व गठित कृषियोग्य भूमि विश्लेषण प्राविधिक समितिबाट पेश भएको प्रारम्भिक प्रतिवेदन एवं भू उपयोग नक्सा सम्बन्धमा जानकारी भयो । तत् सम्बन्धमा उक्त समितिलाई धन्यवाद ज्ञापन सहित विघटन गर्दै महानगरको दीर्घकालिन भू उपयोग नीति र वर्गीकरण तथा कृषि क्षेत्रको प्रवर्द्धनको लागि प्रोत्साहन प्रयाकेज (Incentive Package) को सिफारिसका लागि उक्त कार्यदलले आफुमध्येबाटै संयोजक तोक्ने गरी तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियोः

१. वडा अध्यक्ष, वडा नं ९ श्री यमलाल कँडेल

२. वडा अध्यक्ष, वडा नं १४ श्री ओमप्रकाश पोखरेल

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np

३. वडा अध्यक्ष, वडा नं १९ श्री कर्ण ब. गुरुङ

४. वडा अध्यक्ष, वडा नं २२ श्री विष्णुराज महतो

५. कार्यपालिका सदस्य श्री चक्र रुचाल

उक्त कार्यदलमा आवश्यकता अनुसार विज्ञ र सदस्य-सचिव राख्न सकिनेछ ।

१.२ तत्काललाई सर्वसाधारणको अत्यावश्यकीय घर बाटोको लगत कट्टा वा जग्गाको कित्ताकाट सिफारिस गर्दा निम्नानुसारका आधारहरु अपनाउने निर्णय गरियो:

- भूउपयोग र जग्गाको वर्गीकरण सम्बन्धमा नेपाल सरकारको कानूनको पालना गर्ने । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कृषियोग्य जग्गाको खण्डीकरण सम्बन्धमा मालपोत कार्यालय, चितवनको मिति २०७५/०९/३० को पत्रको भावना अनुकूल हुने गरी लगतकट्टा गर्ने ।
- महानगरबाट गठित जग्गा उपयोगिता विश्लेषण प्राविधिक समितिको नक्साङ्कन सहितको प्रारम्भिक प्रतिवेदन तथा नेपाल सरकार, राष्ट्रिय भूउपयोग आयोजनाबाट तयार पारिएको भूउपयोग नक्सालाई आधार लिई कृषियोग्य जनिएको भूमिमा खण्डीकरणलाई प्रोत्साहन नहुने गरी र बसोबासस्थलमा सडक तथा भवन निर्माण मापदण्डको पालना समेत हुने गरी मात्र कार्यान्वयन गर्ने ।
- आवश्कता अनुसार सर्जमिन मुचुल्का समेत गरी साविकदेखि बाटो रहेको पुष्टयाई (महानगरपालिकाबाट विगतमा बाटो मानी भवन नक्सा पास भई भवन निर्माण समेत भएका, सार्वजनिक निकायबाट लगानी भई सडकहरु पीच एवं ग्राभेल भएका तथा विद्युतीकरण समेत भएका) एवं जग्गाको स्वामित्व र प्रयोजन खुलाएर मात्र सिफारिस गर्ने ।

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन,
३ नं. प्रदेश, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan
3 No. Province, Nepal


- फिल्डमा बाटो भएको तर नक्सामा नभएको खण्डमा जग्गाको प्रकृति हेरी खेतियोग्य वा बसोबासयोग्य भनी यकिन गर्न सम्बन्धित वडाध्यक्ष, वडासचिव र अमिन रहेको जग्गा पहिचान तथा सिफारिस समितिले कित्ताकाट वा बाटोको लगत कट्टा गर्ने सर्वसम्मत निर्णय गरी महानगर मार्फत मालपोत कार्यालयमा पठाउने ।
- कृषियोग्य जग्गालाई खण्डीकरण गर्ने मनशायले अंशबण्डा गर्ने कार्यलाई निरुत्साहित गर्ने । यदि त्यस्ता जग्गाहरु हक हस्तान्तरण गर्न सिफारिस माग भइ आएमा सो को बिक्री वितरणमा रोक लगाउने ।
- सम्बन्धित वडाहरुले सिफारिस गरिएका कागजातहरु नियमित रुपमा अभिलेख राख्ने र समय समयमा महानगरमा पेश गर्नुपर्नेछ । तत् सम्बन्धमा महानगरबाट आवश्यकता अनुसार अनुगमन कार्यलाई निररन्तरता दिनुपर्ने ।

..................

(नेत्र प्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री मालपोत कार्यालय, भरतपुर/चौतारी, चितवन ।
श्री नापी " " " " ।


056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np